खुला बजेट सर्वेक्षण

नेपाल

२०२३

International Budget Partnership

FREEDOM FORUM

"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

International Budget Partnership

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

नेपाल खुला बजेट सर्वेक्षण प्रतिवेदन — २०२३

५०	३१	४६
१०० मा	१०० मा	१०० मा
पारदर्शिता	जनसहभागिता	बजेट निगरानी

खुला बजेट परिसुचकमा नेपालको अंक

अध्ययन बारे...

सरकारका के कस्ता कर लगाउने, के कस्ता सेवा प्रवाह गर्ने र राष्ट्र ऋण कति परिमाणमा उठाउने जस्ता निर्णयले समाजका सबै पक्षलाई महत्वपूर्ण प्रभाव पार्छ । सरकारले जनतालाई आवश्यक सूचना तथा निर्णय प्रक्रियामा संलग्नताका लागि अर्थपूर्ण विधि र माध्यम उपलब्ध गराएमा जनचाहना अनुसार सार्वजनिक स्रोत खर्च हुने कुरा सुनिश्चित गर्न सकिन्छ ।

खुला बजेट सर्वेक्षण केन्द्रीय सरकारका बजेट सम्बन्धी सूचनाको पहुँचयोग्यता, बजेट प्रक्रियामा जनसहभागिताका लागि उपलब्ध औपचारिक अवसर तथा संसद र महालेखापरीक्षक जस्ता बजेट निगरानी निकायको भूमिका मापनका लागि अन्तराष्ट्रिय रुपमा स्वीकार्य मापदण्डको प्रयोग गरेर कार्यान्वयन गरिने विश्वको एकमात्र स्वतन्त्र, तुलनात्मक र तथ्यपरक अनुसन्धान पद्धति हो ।

यस सर्वेक्षणले स्थानीय नागरिक समाजलाई सार्वजनिक स्रोतको उपयोग र बजेट प्रतिवेदनका आधारमा सरकारको मुल्यांकन र बहसका लागि सहयोग गर्दछ । खुला बजेट सर्वेक्षणका यो नवौं संस्करणमा १२५ देश समेटिएका छन् ।

खुला बजेट सर्वेक्षणको विस्तृत अध्ययन पद्धति, २०२३ को विश्व र क्षेत्रीय प्रतिवेदनहरु, सबै देशको अध्ययनको निचोड तथा यस सम्बन्धी तथ्यांक खोजका लागि **अन्तराष्ट्रिय बजेट साझेदारी (IBP)** को वेभ लिंक https://internationalbudget.org/open-budget-survey उपयोग गर्नुहोस् ।

पारदर्शिता

खुला बजेट सर्वेक्षणको यो खण्डमा केन्द्रीय सरकारले गर्ने आम्दानी र खर्च सम्बन्धि सूचनाको पहुँचयोग्यताको लेखाजोखा गरिन्छ । यसमा प्रमुख आठ बजेट दस्तावेजको **अनलाइन माध्यममा उपलब्धता, समयवद्धता र सूचनाको व्यापकता**को पनि लेखाजोखा गरिन्छ । यसका लागि १०९ वटा समान अंकभारका सूचकको प्रयोग गरी ० देखि १०० को स्केलमा हरेक देशले प्राप्त गर्ने अंक निर्धारण गरिन्छ । **पारदर्शिताको अंक ६१ वा सो भन्दा बढि भएमा सम्वन्धित देशले बजेटको सन्दर्भमा सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सुचना सामग्री प्रकाशन गरिरहेको मानिन्छ ।**

नेपालको बजेट **पारदर्शिताको अंक १०० मा ५०** रहेको छ । सर्वेक्षणमा सहभागी **१२५ देश मध्ये नेपाल ५८ औं** स्थानमा रहेको छ ।



बजेट पारदर्शितामा नेपालको तुलनात्मक अवस्था



विभिन्न समयमा नेपालको खुला बजेटको प्राप्त अंकमा कस्तो परिवर्तन देखा परेको छ ?



International Budget Partnership

FREEDOM FORUM
"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

नेपालमा बजेट दस्तावेजको सार्वजनिक रुपमा उपलब्धता

दस्तावेज	२०१२	२०१५	२०१७	२०१९	२०२१	२०२३
पूर्व बजेट विवरण (Pre-Budget Statement)	⊘	⊘	⊘	⊘	⊘	⊘
कार्यकारीको बजेट प्रस्ताव (Executive's Budget Proposal)	◯	▣	◯	◯	◯	◯
अनुमोदित बजेट (Enacted Budget)	◯	◯	◯	◯	◯	◯
नागरिक बजेट (Citizen Budget)	⊘	⊘	⊘	⊘	⊘	⊘
आवधिक प्रतिवेदन (In year Report)	◯	◯	◯	▣	◯	◯
मध्यावधि समिक्षा (Mid-Year Review)	◯	◯	◯	◯	◯	◯
वार्षिक प्रतिवेदन (Year End Report)	◯	◯	◯	◯	▣	◯
लेखापरीक्षण प्रतिवेदन (Audit Report)	◯	◯	◯	◯	◯	◯

संकेत

◯ - आम नागरिकका लागि उपलब्ध

⊘ - निर्माण नभएको

▣ - ढिलो तयार भएको, अनलाइनमा प्रकाशन नभएको वा आन्तरिक प्रयोजनका लागि मात्र तयार गरिएको

(नोट - यो प्रतिवेदनमा सन् २०२२ डिसेम्बर ३१ सम्म प्रकाशित दस्तावेज, सूचना समावेश छ । यो प्रतिवेदनले आ. व. २०८०/८१ को कुनै पनि बजेट सुचनाहरुलाई समेटेको छैन । नेपालमा यो वर्ष पूर्व बजेट दस्ताबेज ३ महिना आगाडीनै सार्वजनिक भएको हो ।)

नेपालमा सर्वसाधारणका लागि उपलब्ध गराइने बजेट दस्तावेजका विषयबस्तु कतिको सूचनामुलक छन् ?

प्रमूख बजेट दस्तावेज	दस्तावेजको उद्देश्य तथा विषयबस्तु	अध्ययनका लागि लिइएको बर्ष	दस्तावेजका विषयको प्राप्तांक
पूर्व बजेट विवरण (Pre-Budget Statement)	कार्यकारीको बजेट प्रस्ताव अघि नै सरकारको वित्त नीतिको मुख्य आयाम अग्रीम जानकारी दिनुका साथै सरकारको आर्थिक प्रक्षेपण, अपेक्षित आय, व्यय र ऋणको खाका प्रस्तुत गर्छ ।	२०२२–२३	निर्माण नभएको
कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal)	यो कार्यकारीले अनुमोदनका लागि व्यवस्थापिकामा प्रस्तुत गर्ने दस्तावेज हो । राजस्वका स्रोतको विस्तृत विवरण, मन्त्रालयगत विनियोजन, प्रस्तावित नीतिगत परिवर्तन तथा राज्यको वीत्तीय अवस्था बुझ्न आवस्यक उपयोगी जानकारी यसले उपलब्ध गराउँछ ।	२०२२–२३	५८
अनुमोदित बजेट (Enacted Budget)	व्यवस्थापिकाबाट अनुमोदन भएको बजेट	२०२२–२३	२८
नागरिक बजेट (Citizen Budget)	जनतालाई बजेटका प्रमूख सूचना उपलब्ध गराउने उद्देश्यले तयार पार्ने सरकारको कार्यकारीको बजेट प्रस्ताव वा अनुमोदित बजेटको सरलीकृत वा कम प्राविधिक संस्करण	२०२२–२३	निर्माण नभएको
आवधिक प्रतिवेदन (In year Report)	यो आर्थिक बर्षभित्रको निश्चित अवधि विभिन्न समयको अन्तरालमा संकलित यथार्थ राजश्व, व्यय तथा तिर्न बाँकी ऋण सम्वन्धि सूचना समेटिएको दस्तावेज हो । यो त्रैमासिक वा मासिक रुपमा प्रकाशन गरिन्छ ।	२०२२–२३	६७
मध्यावधि समिक्षा (Mid-Year Review)	यो आर्थिक बर्षको मध्यसम्म बजेट कार्यान्वनको अवस्था प्रस्तुत गर्ने सूचनामुलक दस्तावेज हो । यसले आर्थिक पुर्वानुमानहरूको समिक्षा गरी बजेटका उपलब्धीको अद्यावधिक प्रक्षेपण प्रस्तुत गर्छ ।	२०२१–२२	६३
वार्षिक प्रतिवेदन (Year End Report)	यसले आर्थिक बर्षको अन्तमा सरकारी लेखाको स्थितीको व्याख्या गर्छ । साँचो अर्थमा यो बजेटको नीतिगत लक्ष्य हाँसील गर्नमा भएको प्रगतिको मुल्यांकन हो ।	२०२०–२१	४३
लेखापरीक्षण प्रतिवेदन (Audit Report)	सर्वोच्च लेखापरीक्षण निकायबाट जारी गरिने यो दस्तावेजले सरकारको वर्षान्तका लेखा प्रतिवेदनको विस्वसनीयता र पुर्णताको परीक्षण गर्छ ।	२०२०–२१	६२

संकेत	६१–१००/१०० (वृत्त)	४१–६०/१०० (त्रिकोण)	०–४०/१०० (वर्ग)

नेपालको २०२३ खुला बजेट सर्वेक्षणको पारदर्शिता सुचकांक ५० अघिल्लो अर्थात २०२१ को भन्दा उच्च हो।

खुला बजेट सर्वेक्षण २०२३ मा के परिवर्तन भयो ?

- नेपालले समयवद्ध रुमपा वार्षिक प्रतिवेदन प्रकाशन गरेर बजेट सूचनाको उपलब्धता बढाएको छ।
- नेपालले आर्थिक वर्ष भित्रका अर्थात् त्रैमासिक प्रतिवेदनहरुमा सूचना तथा अन्य जानकारीहरुको उपलब्धता बढाएको छ ।

सुझावहरू

नेपालले बजेट पारदर्शिताको अवस्था सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

- पूर्व बजेट अभ्यासलाई संस्थागत गरी कम्तीमा वैशाख १५ अगावै सार्वजनिक बहसमा ल्याउने।
- नागरिक बजेट निर्माण गरी समयवद्ध रुपमा अनलाइनबाट सार्वजनिक गर्ने ।
- कार्यकारीको बजेट प्रस्तावमा सरकारको वित्तीय स्थिति, राजस्व र खर्च, बृहत अर्थतन्त्रका आगामी आर्थिक वर्षहरुको बहुवर्षीय प्रक्षेपण र बकाया खर्चहरुका अनुमानको तथ्याङ्क समावेश गर्ने ।
- बजेट साक्षरता अभिबृद्धिका लागि कार्यकारीको बजेट प्रस्तावसँगै बजेटमा प्रयोग गरिने शब्दावलीको सरल अर्थ र व्याख्या प्रकाशन गर्ने ।
- पुन प्रयोग योग्य तथ्यांकसहितको विस्तृत राजश्व र खर्चको विवरणको अनुमोदित बजेट सार्वजनिक गर्ने ।
- आर्थिक वर्ष भित्रका मासिक र त्रैमासिक प्रतिवेदनहरुमा हरेक बजेट कार्यक्रमका वास्तविक खर्च विवरण, खर्चहरुको प्रशासनिक र कार्यगत वर्गीकरण सहितको विवरण र राष्ट्रिय स्तरमा प्रदेश र स्थानीयपालिकाहरुको बजेट कार्यान्वयन सम्वन्धि सूचना र जानकारी समावेश गर्ने ।
- वार्षिक प्रतिवेदनमा अपेक्षित र यथार्थ उपलब्धीको गैर वित्तीय तथ्यांकसहितको तुलनात्मक विवरण, ऋण तथा अनुदानको अनुमानित र वास्तविक परिणाम र बृहत अर्थशास्त्रको अपेक्षित र यथार्थ उपलब्धीहरु बीचका तुलनात्मक विवरण सहितको कार्य सम्पादन सम्वन्धि सूचना समावेश गर्ने ।

जनसहभागिता

खुला बजेट सर्वेक्षणले बजेट प्रक्रियाका विभिन्न चरणमा अर्थपूर्ण जनसहभागिताका लागि उपलब्ध औपचारिक अवसरहरुको अध्ययन गर्छ । केन्द्रीय सरकारको कार्यकारी, ब्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायकाले अवलम्वन गरेका अभ्यासको लेखाजोखा गर्न विभिन्न १८ वटा समान अंक भारका सूचकको प्रयोग गरिन्छ । यी सूचकहरू वित्तीय पारदर्शिताका लागि विश्वब्यापी प्रयास (गिफ्ट) ले तय गरेका **वित्तीय नीतिमा जनसहभागिता सम्वन्धि सिद्धान्त** अनुकुल तयार गरिएका छन् । हरेक देशको बजेट प्रक्रियामा जनसहभागिताको स्तर ० देखि १०० को स्केलमा मापन गरिन्छ ।

नेपालले जन सहभागितामा **१०० मध्ये ३१ अंक** प्राप्त गरेको छ ।



जन सहभागिताका विश्वका नविन अभ्यासबारे थप जानकारीका लागि तल उल्लेखीत लिंकको उपयोग गर्नुहोस् ।

https://www.fiscaltransparency.net/case-studies/

नेपालमा बजेट प्रक्रियामा जनसहभागिताको अवसरको उपलब्धता

२७ / १००	२२ / १००	२५/ १००	६७ / १००
तर्जुमा (कार्यकारी)	अनुमोदन (व्यवस्थापिका)	कार्यान्वयन (कार्यकारी)	लेखापरीक्षण (सर्वोच्च लेखापरीक्षण निकाय)

संकेत	६१—१०० पर्याप्त	४१—६० सिमि	०—४० थोरै

सुझावहरू

नेपालमा अर्थ मन्त्रालयले बजेट तर्जुमाको क्रममा पूर्व बजेट प्रस्तुतीको अभ्यास गर्ने गरेको छ भने बजेट कार्यान्वयनका क्रममा अनलाइन परामर्शको अभ्यास पनि गर्ने गरेको गरेको छ । यसका बाबजुद बजेट प्रक्रियामा जनसहभागितालाई थप सवलीकृत गर्न निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

- सङ्घीय पूर्व—बजेटको सरोकारवालाहरुसँगको परामर्शको अभ्यासलाई प्रादेशिक तहमा समेत लगेर निरन्तरता दिने र यसको प्रतिवेदन अर्थ मन्त्रालय र संसदमा पेश गर्ने । साथै, अर्थ मन्त्रालय र राजस्व परामर्श समितिले पूर्व बजेट छलफलका क्रममा प्राप्त सुझावहरू र जानकारीहरू बजेट नीतिहरू सुधार गर्न कसरी प्रयोग गरियो भन्ने नागरिकलाई सूचित गर्न पर्यत्न गर्ने ।
- विद्यमान "हेलो सरकार" संयन्त्र मार्फत प्राप्त हुने गुनासोसँग सम्वन्धित निकायलाई जोडेर वार्षिक बजेटको कार्यान्वयनको अनुगमनमा कसरी प्रयोग गरिएको छ भन्ने जानकारीको लागि यसको सक्रिय उपयोग गर्ने ।
- संकटापन्न तथा प्रतिनिधित्व छुटेका समुदायसँग उनीहरु स्वयं वा उनीहरुलाई प्रतिनिधित्व गर्ने नागरिक संस्था मार्फत सक्रिय रुपमा संलग्न हुने ।
- पेफा सचिवालयले व्यापक नागरिक परामर्श पछी तयार गरी सार्वजनिक गरेको सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिताको राष्ट्रिय रणनीतिका सुझावहरूलाई कार्यान्वयन गर्ने ।

नेपालको संसदले वार्षिक बजेट अनुमोदन गर्नु अगाडि व्यापक छलफलको पद्धति बसालेको छ तर त्यसवाहेक निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।

- संसदीय छलफलका आधारमा कार्यकारी बजेटमा सुधार गरी अनुमोदन गर्ने पद्धतिका लागि नीतिगत सुधार गर्ने ।
- कार्यकारीको बजेट प्रस्ताव अनुमोदन गर्नुअघि हुने संसदीय सुनुवाईका क्रममा जनमत बुझ्ने प्रयोजनका लागि सर्वसाधारण वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई सहभागिताको अवसर उपलब्ध गराउने ।
- समुदायका वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई लेखापरीक्षण प्रतिवेदन माथि हुने छलफलमा सहभागिताको अवसर दिने ।

बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद र सर्वोच्च लेखापरीक्षण निकायले बजेट प्रक्रियामा निर्वाह गर्ने भूमिका तथा ती निकायबाट हुने बजेटको निगरानीको स्तर अध्ययन गर्छ । १८ वटा समान अंकभार भएका सूचकका आधारमा हरेक देशले प्राप्त गर्ने अंक ० देखि १०० सम्मको स्केलमा मापन गरिन्छ । यस अतिरिक्त सर्वेक्षणमा स्वतन्त्र वित्तीय निकायबाट पुरक सूचना पनि संकलन गरिन्छ (बक्समा हेर्नुहोस्) ।

नेपालमा संसद्को प्रतिनिधिसभाका सार्वजनिक लेखा समिति, अर्थ समिति लगायतका निकाय र सर्वोच्च लेखापरीक्षण निकाय महालेखा परीक्षकको कार्यालयले संयुक्त रुपमा बजेट प्रक्रियाको सीमित निगरानी गर्छन् । यी दुई निकायको संयुक्त बजेट निगरानी मापनमा प्राप्तांक १०० मा ४६ रहेको छ । फरक फरक रुपमा हेर्दा यी निकायको बजेट निगरानीको स्तर निम्नानुसार छ ।

संसदीय निगरानी



कमजोर निगरानी

लेखापरीक्षण निगरानी

पर्याप्त निगरानी

संकेत	
६१—१००	पर्याप्त
४१—६०	सिमित
०—४०	थोरै

सुझावहरू

नेपालमा बजेट चक्र अन्तर्गत बजेट योजना र बजेट कार्यान्वयन प्रक्रियामा संघीय संसदको निगरानी कमजोर छ । निगरानी सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राखिनुपर्छ ।

- संसदीय समितिहरूले कार्यकारीको प्रस्तावित बजेट अध्ययन गरी आफ्नो विश्लेषण सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिकीकरण गर्ने ।
- संसदीय समितिले बजेट कार्यान्वयन चालु रहेको अवस्थामा बजेट कार्यान्वयनको अध्ययन गरी आफ्नो ठम्याई सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिकिकरण गर्ने ।
- बजेट कार्यान्वनय अवधिमा स्कीकृत बजेटमा उल्लेखित स्रोत एउटा प्रशासनीक इकाइबाट अर्को प्रशासनीक इकाईमा सार्नु वा राजस्व घटेको कारणले खर्च घटाउने निर्णय गर्नुअघि संसदीय परामर्श र स्वीकृतिको अभ्यास सुनिश्चित गर्ने ।
- संसदीय सार्वजनिक लेखा समितिले महालेखा परीक्षकको नियमित प्रतिवेदन अध्ययन गरी त्यसको निचोड सहितको प्रतिवेदन हरेक वर्ष अनलाइन माध्यमबाट सार्वजनिक गर्ने । यो प्रतिवेदन माथिको छलफल सम्बन्धित वर्षभित्र नै टुङ्ग्याउन प्रयत्न गर्ने ।

आफ्नो स्वायत्तता बढाउन तथा लेखापरीक्षण निगरानी अभिबृद्धि गर्न महालेखा परीक्षकको कार्यालयलाई निम्न कार्य सुझाइएको छ ।

- स्वतन्त्र निकायबाट लेखापरीक्षणको प्रक्रिया पुनरावलोकन गराउने ।
- लेखा परीक्षण प्रक्रियाहरूमा नागरिक सहभागिताको अभ्यासलाई विस्तार गर्ने । सूचनाको हक ऐनमा उल्लेख गरिए अनुसार सूचनाको स्वत सार्वजनिकरण (Pro Active Disclosure) प्रकृयालाई कार्यसम्पादन लेखापरीक्षणको एक सूचक मान्ने ।
- लेखापरीक्षणमा नागरिकहरुलाई संलग्नताको संस्थागत रुपमा विस्तार गर्दै यस्तो नागरिक सहभागितालाई लेखापरीक्षण प्रतिवेदनका सिफारिसहरूको अनुगमनमा समावेश गर्ने व्यवस्था लेखापरीक्षण निर्देशिकामा समावेश गर्ने ।

स्वतन्त्र वित्तीय निकाय स्थापनाको नविन अभ्यास

नेपालमा स्वतन्त्र वित्तीय अनुसन्धान निकाय छैन । यस्तो निकायलाई बजेट प्रक्रियामा कार्यपालिका र व्यवस्थापिकाका लागि स्वतन्त्र र निष्पक्ष सूचना उपलब्ध गराउने स्रोत संस्थाका रुपमा मान्यता दिने क्रम बढ्दो छ । साथै संसदीय बजेट अफिस स्थापना गरी सांसदहरूलाई बजेट सूचना र विश्लेषणमा प्राविधिक क्षमता प्रदान गर्ने प्रचलन पनि बढ्दो छ।

खुला बजेट सर्वेक्षणमा अंक निर्धारणको सूचकका रुपमा भने यसलाई समावेश गरिएको छैन ।

अध्ययन विधि

सन् २०२२ डिसेम्बर ३१ सम्म प्रकाशित दस्तावेज, कार्यक्रम, गतिविधि वा विकास मात्र खुला बजेट सर्वेक्षण २०२३ को क्रममा अध्ययन गरिएको छ ।

सर्वेक्षण हरेक देशका स्वतन्त्र बजेट विशेषज्ञले तयार गरेको सर्वेक्षण प्रश्नावलीमा आधारित छ । नेपालका लागि फ्रिडम फोरमका तारानाथ दाहाल, कृष्ण सापकोटा र सुबास दाहाल यसमा संलग्न थिए ।

अध्ययनमा संलग्न संस्थाको जानकारी :-
फ्रिडम फोरम
थापाथाली, काठमाडौं
info@ freedomforum.org.np & freedomforum2005@gmail.com

अध्ययनलाई थप सबल बनाउन पहिचान नखुलाइएका स्वतन्त्र विज्ञबाट प्राज्ञिक पुनरावलोकन र समीक्षा गरिएको छ । साथै नेपालको अर्थ मन्त्रालयका प्रतिनिधिबाट पनि पुनरावलोकन गरिएको छ ।

---------------समाप्त--------------------